# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-५९

# Overview of Weekly Media Study Vol. 59


**नेपाल संवाद केन्द्र**

**काठमाडौं, नेपाल**

**इमेल : nepalsamwadkendra@gmail.com**


**PDF पठ्नका लागि QR Scan गर्नुहोस**

मिति : २०८२ फागुन २५, सोमबार

## साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप- भाग ५९

नेपाल संवाद केन्द्रद्वारा प्रस्तुत यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदन २०८२ साल फागुन २० गतेदेखि फागुन २५ गतेसम्म प्रमुख राष्ट्रिय दैनिक पत्रपत्रिका, अनलाइन, प्रिन्ट तथा टेलिभिजन माध्यममा प्रकाशित तथा प्रसारित समाचार, विचार, विश्लेषण र लेखहरूको गहन अध्ययनपश्चात् तयार गरिएको हो । यस प्रतिवेदनमा उक्त अवधिमा प्रकाशित सकारात्मक, पठनीय तथा रचनात्मक सामग्रीहरू समेटिएका छन् ।

यस अवधिमा नेपालका मिडियाले– चन्दा उठाएर रामजानकी मन्दिर मर्मत; माझी समुदायले कोशी पूजा गरेर मनाए 'लदी' पर्व; सुदूरपश्चिमका रानाथारुले ३८ दिनसम्म मनाउने होरी पर्व; पौरस्त्य दर्शनमा नारी शक्ति; सहरमा सङ्गीको 'अन्तरदृष्टि' का कथा; संरक्षणको पर्खाइमा सुनखानी साखाल्पु विन्ध्यवासिनी पोखरी; 'नेवा : फ्लिक्स'– नेपाल भाषाका फिल्म र संगीतको छुट्टै ओटीटी; वेदकालीन अर्थराजनीतिमा महिला; एक महिनामै भित्रिए १ लाख ५ हजार पर्यटक; लगायतका विषयवस्तुहरू समेटेका छन् ।

अन्तरदेशीय, कूटनीतिक, लोकतान्त्रिक तथा सामाजिक समाचारतर्फ– भारतले भन्यो, 'चुनाव सम्पन्न भएकोमा नेपाललाई बधाई'; नेपाली जनता र सरकारलाई बधाई दिँदै मोदीले भने, 'ऐतिहासिक कोसेढुंगो'; नेपालको निर्वाचनबारे भारतीय प्रधानमन्त्री मोदीको प्रतिक्रिया; भारतलाई तेस्रोपटक टी-२० विश्वकपको उपाधि; दक्षिण भारतलाई एक फन्को–धनीमानी पनि खाली खुट्टा हिँड्थे, धेरैले शाकाहारी भोजन गर्थे; जुक्तिले जोगाएको लोकतन्त्र र सुशीलाको सफलता; सुशीला कार्कीको विजय; वसन्त ऋतुसँगै काठमाडौँका विभिन्न स्थानमा फुल्न थाले चेरी; नेपालदेखि नासासम्म–लुजेन्द्रको मंगल खोज यात्रा; व्यक्तिपूजा कि विचारको राजनीति ?; होच्याइने 'म्यादी' बाट गर्विलो 'निर्वाचन प्रहरी'; सम्पादकीय : निर्वाचनपछिको मार्गचित्र; बालेन वेग; बालेन्द्रलाई ओलीको बधाई–'कार्यकाल निर्विघ्न सफल रहोस्'; मैनबत्ती बालेर जेन-जी सहिदको सम्झना; सडकको आवाज अब संसदमा; कविता : 'निष्ठाको सौन्दर्य'; स्वस्तिक छापको सत्ता; सम्झनामा सहयात्री तुलसीरमण काफ्ले; राष्ट्रिय भावको जोस-जाँगर; आगामी जनप्रतिनिधि र सरकारलाई यस्ता छन् प्रधानमन्त्री कार्कीका सुझाव; अदम्य साहसको सफलता; विश्व आधिपत्यको खेल; 'श्रमिक महिला दिवस' को उपलब्धि र आगामी पाइला; असीम बधाई सुशीला कार्कीलाई; 'पूरै दस्तावेज सम्भव नभए निचोड भए पनि सार्वजनिक गर्छौं'– प्रधानमन्त्री; हर्क साम्पाङ : धरानको सडक आन्दोलनदेखि संघीय संसद्सम्म; निर्वाचित भइसकेपछि शाहीले भने–'अब म जिल्ला बासीको साझा प्रतिनिधि हुँ'; 'म्याडम प्राइम मिनिस्टर !'; राज्यका नीतिनिर्माण तहमा महिलालाई समावेश गर्न आवश्यक छ– प्रधानमन्त्री; निर्वाचनपछि नयाँ तरंग !; संसदमा युवा वर्चस्व–आस कि संशय !; रास्वपा लहरको नतिजा : प्रत्यक्षबाटै साढे ८ प्रतिशत महिला सांसद चुनिए; नारी दिवसको उपलक्ष्यमा नारी समर्पित चलचित्र 'परालको आगो' को दोस्रो पोस्टर सार्वजनिक; नेपाली महिलाको संघर्ष, साहस र सपनाको कथा; महिला सम्मानको बाटो; प्रेरक प्रसंग : पत्थरको सहनशीलता लगायतका विषयहरू समेटिएका छन् ।

यस साप्ताहिक मिडिया अध्ययन प्रतिवेदनमा समेटिएका विषयवस्तुहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक, सान्दर्भिक र रणनीतिक मुद्दाहरूको स्पष्ट, तथ्यपरक तथा व्यवस्थित परिदृश्य प्रस्तुत गरेका छन् । यो प्रतिवेदन अनुसन्धानकर्ता, नीतिनिर्माता, पाठक तथा सञ्चारकर्मीहरूका लागि उपयोगी सन्दर्भ सामग्री बन्ने विश्वास लिएका छौं ।

**Date: 2082 Falgun 25 Monday**

## Weekly Media Study Summary– Part 59

This Weekly Media Study Report presented by Nepal Samwad Kendra has been prepared after an in-depth study of news, opinions, analyses and articles published and broadcasted in major national daily newspapers, online portals, print and television media from **Falgun 20 to Falgun 25, 2082.** This report includes positive, readable and constructive contents published during this period.

During this period, Nepali media covered topics such as*; "The renovation of the Ram–Janaki Temple through public donations; The Majhi community celebrating the 'Ladi' festival by performing Koshi worship; The Rana Tharu community of Sudurpaschim celebrating the Hori festival for 38 days; Women's power in Eastern philosophy; Stories from Sanggi's Antardrishti in the city; Sunkhani Sakhalpu Vindhyabasini pond awaiting conservation; "Newa: Flix"—a separate OTT platform for Nepal Bhasa films and music; Women in Vedic economic politics and The arrival of 1,50,000 tourists within a single month,"* among other subjects.

In the sphere of international, diplomatic, democratic and social news, *"India congratulated Nepal on the completion of the election; Congratulating the Nepali people and government, Prime Minister Modi called it a "historic milestone"; India winning the T-20 World Cup for the third time; A tour of South India–where even wealthy people walked barefoot and many followed vegetarian diets; Democracy preserved through strategy and Sushila's success; The victory of Sushila Karki; Cherry blossoms beginning to bloom in various places in Kathmandu with the arrival of spring; From Nepal to NASA: Lujendra's journey in the search for Mars; Personality cult or politics of ideology?; From being belittled as "temporary" to becoming proud "Election police"; Editorial: the roadmap after the election; Balen's wave; Oli congratulates Balendra - "May your tenure be successfully completed without obstacles"; Gen-Z remembering martyrs by lighting candles; The voice of the street now in parliament; Poem: The Beauty of Integrity; The power marked by the Swastika symbol; Remembering fellow traveler Tulsiraman Kafle; Enthusiasm of national spirit; Prime Minister Karki's suggestions for upcoming representatives and the government; The success of indomitable courage; The game of global dominance; Achievements of Women Workers' Day and the steps ahead; Endless congratulations to Sushila Karki; "If the full document is not possible, we will at least make the summary public," said the Prime Minister; Harka Sampang - from Dharan's street movement to the Federal Parliament; After being elected, Shahi said, "Now I am a common representative of the district residents"; "Madam Prime Minister ! "; The Prime Minister - It is necessary to include women in the state's policy-making level; A new wave after the election; Youth dominance in parliament - hope or doubt?; The result of the RSP wave: 8.5 percent women MPs elected directly; The second poster of the women-centric film Paralko Aago released on the occasion of International Women's Day; The story of struggle, courage and dreams of Nepali women; The path of women's dignity and An inspirational context: the patience of stone,"* among other topics.

The themes included in this Weekly Media Study Report presents a clear, factual and systematic picture of national and international contemporary, relevant and strategic issues. We believe that this report will serve as a useful reference material for researchers, policymakers, readers and media professionals.

## २०८२ फागुन २० गतेदेखि फागुन २५ गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा

### माझी समुदायले कोशी पूजा गरेर मनाए लदी पर्व

सिन्धुलीका सीमान्तकृत माझी समुदायले सामूहिक रूपमा कोशी पूजा गरेर लदी पर्व मनाएका छन् । माझी समुदायले हरेक वर्ष फागुनको तेस्रो मंगलवार विशेष पर्वका रूपमा लदी पर्व मनाउने चलन छ । मरिण गाउँपालिकाकामा रहेका माझी समुदायले पनि लदी पर्व धुमधामका साथ मनाएका छन् । बाँकी...
स्रोत : **https://newsofnepal.com/2026/03/04/756918/**

### बगेको पानी पूजा गरेर माझीहरूले मनाए लदी पर्व

पाँचथरका अल्पसंख्यक माझी समुदायले लदी पर्व मनाएका छन् । तमोर नदीमा पूजा गरेर यो पर्व मनाएका हुन् । पाँचथरको हिलिहाङ र फिदिम नगरपालिकामा पर्ने माझीटारका माझीहरूले हेवा र तमोर मिसिने ठाउँमा पूजा गरे भने गाउँले भेला भएर साँस्कृतिक कार्यक्रम तथा खानपान गरेका छन् । बाँकी...
स्रोत : **https://www.onlinekhabar.com/2026/03/1882640/fishermen-celebrate-lodi-festival-by-**

### सुदूरपश्चिमका रानाथारुले ३८ दिन मनाउँछन् होरी

रानाथारु समुदायमा होरी पर्व ३८ दिनसम्म मनाइन्छ । कैलाली र कञ्चनपुरमा मात्रै बसोबास रहेको यो समुदायको सबै भन्दा ठुलो पर्व होरी हो । यो पटक चुनावका कारण केहि प्रभावित भने भएको छ । यस समुदयामा माघको पूर्णिमाका दिन होरी राखिन्छ र त्यसै दिन देखि पर्व सुरु हुन्छ । माघको पूर्णिमा देखि फागु पूर्णिमा सम्म गरी एक महिना जिन्दा (जिउँदा) होरी खेलिन्छ । त्यो रातमा मात्र खेलिन्छ । बाँकी...
स्रोत : **https://www.ratopati.com/story/547810/the-ranatharu-people-of-the-far-west-**

### चन्दा उठाएर रामजानकी मन्दिर मर्मत

जीर्ण अवस्थामा रहेको शुक्लाफाँटा नगरपालिका-११ कलुवापुरस्थित रामजानकी मन्दिरलाई मर्मतसँगै रङरोगनको कार्य गरी चिटिक्क पारिएको छ । श्रद्धालुहरूको चन्दा सहयोगले मन्दिर मर्मत गरी नयाँ स्वरूप पाएको हो । पुरानो पर्खाल भत्काएर नयाँ बनाई त्यसमा स्टिलको रेलिङ राखिएको छ । मन्दिरको मुख्य गेट नयाँ 'डिजाइन'मा पुनर्निर्माण गरिएको छ । बाँकी...
स्रोत : **https://www.sankalpakhabar.com/news/2026/03/03/601704/**

### पौरस्त्य दर्शनमा नारी शक्ति

नेपालको संविधानले लैङ्गिक समानतालाई मौलिक अधिकारका रूपमा मान्यता दिएको छ । नारीविरुद्ध हिंसा, आर्थिक असमानता, राजनीतिक प्रतिनिधित्वमा न्यूनतालगायत समस्या समाधान गर्ने कानुन कार्यान्वयमा छन् । राष्ट्रिय महिला आयोग, समानुपातिक राजनीतिक प्रतिनिधित्व, सामाजिक सुरक्षा र आर्थिक सशक्तीकरण जस्ता कार्यक्रमले महिलामा ऊर्जा थपेको नकार्न सकिँदैन । नारीको दार्शनिक, ऐतिहासिक, सामाजिक र सांस्कृतिक महत्वको विश्लेषण गर्दै यसलाई अन्तर्राष्ट्रिय नारी दिवसको समकालीन सन्दर्भसँग जोडिएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/195468**

## सहरमा सङ्गीको 'अन्तरदृष्टि' का कथा

कलाकारको मनभित्र गुम्सिएर बसेको भावना व्यक्त गर्ने माध्यम हो 'अन्तर्दृष्टि' । जसलाई कलाकार आफैँले आफ्नो मनसँग सोधेर बनाएको एउटा विचार पनि भन्न सकिन्छ । अर्को अर्थमा भन्नु पर्दा मनभित्रको विचार । यही मनभित्रको विचारलाई पोख्न ठमेलस्थित छाया सेन्टरमा सङ्गी श्रेष्ठका 'अन्तर्दृष्टि' शीर्षकमा एकल कला प्रदर्शनी भइरहेको छ । कला जगत्मा तीन दशकभन्दा बढी समय बिताउनुभएकी कलाकार श्रेष्ठले आफ्नो जीवनको सबैभन्दा अँध्यारो समयलाई आत्मखोज र उद्देश्यको यात्रालाई कलामार्फत रूपान्तरण गर्न खोज्नुभएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/195459**

## संरक्षणको पर्खाइमा सुनखानी साखाल्पु विन्ध्यवासिनी पोखरी

दोलखाको कालिञ्चोक गाउपालिका-८ मा रहेको विन्ध्यवासिनी पोखरी निर्माणको पर्खाइमा रहेको छ । धार्मिक,सांस्कृतिक महत्व रहेको साखल्पुको विन्ध्यवासिनी पोखरीकोबीचका भागहरू चिरा चिरा परेका छन् । ५ दशक अगाडिसम्म साखाल्पुका पूर्वमुखिया लालबहादुर र सान्नानी लालबहादुर शिवाकोटीलगायतले पोखरीको संरक्षण गर्दै आएका थिए। २० भन्दा बढी घर धुरीका मानिसहरूले पिउनेपानी र २० मुरीभन्दा बढी धानको बिउ जाने खेतलाई सिँचाइ सुविधा पुऱ्याउन सकिने पोखरी संरक्षणको अभावमा पानी चुहेर पानीको अभाव हुन लागेको स्थानीय दिलकृष्ण आचार्यले बताए । खेतहरूको बीचमा ठूलो पोखरी हुनु र देवी देवताको बासस्थान पनि रहेको हुँदा धार्मिक रूपमा पनि महत्वपूर्ण रहेको विन्ध्यवासिनी पोखरीकोबीचमा सेतीनाग,देवीथान,महादेव,पार्वतीको बासस्थान रहेको किंवदन्ती छ । पोखरीको बीचमा ढुंगेधारा पनि निर्माण गरिएको छ । बाँकी...

स्रोत : **https://annapurnapost.com/story/495481/**

## What to know about Holi, the Hindu festival of colors

Holi, widely known as the Hindu festival of colors, is a joyful annual celebration at the advent of spring with cultural and religious significance. typically observed in March in India, Nepal, other South Asian countries and across the diaspora, the festival celebrates love and signifies a time of rebirth and rejuvenation - a time to embrace the positive and let go of negative energy. बाँकी...

स्रोत : **https://thehimalayantimes.com/lifestyle/what-to-know-about-holi-the-hindu-festival-**

## Sunsari Majhi community observe Ladi festival'

The Majhi community of Sunsari has observed the traditional Ladi festival by performing worship at the Saptakoshi River. the Ladi Puja, which is celebrated every year on the third Tuesday of the Nepali month of Falgun with a large gathering, was marked this time without a fair. बाँकी... स्रोत : **https://risingnepaldaily.com/news/76464**

## नेवा : फ्लीक्सः नेपाल भाषाका फिल्म र संगीतको छुट्टै ओटीटी

नेपाल भाषाका फिल्म, संगीत र सांस्कृतिक सामग्रीलाई डिजिटल माध्यममार्फत विश्वका दर्शकमाझ पुऱ्याउने उद्देश्यले नेपालभाषाको पहिलो ओटीटी प्लेटफर्म नेवाः फ्लीक्सः सार्वजनिक गरिएको छ । इलोहं इन्टरटेनमेन्टको आयोजनामा किर्तिपुरस्थित किर्तिपुर सिनेप्लेक्समा हालै नेवाः फ्लीक्सः सार्वजनिक गरिएको हो । कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डीसीले अब डिजीटल प्रविधिबाटै भाषा जोगाउनुपर्नेमा जोड दिए । 'कुनै बेला हामी पञ्चरत्न यात त्याका दिसँ, प्रतिगामी तत्व यात बुका दिसँ भन्दै पम्प्लेट छाप्थ्यौं, भित्ते लेख्थ्यौं । त्यो भाषा जोगाउने संघर्षको समय थियो । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/03/05/757048/**

## वेदकालीन अर्थ राजनीतिमा महिला

वर्तमान समाज व्यवस्थाभित्रका विभिन्न क्रियाकलाप एवं निकायमा महिलाको सहभागिता तथा नेतृत्वको बहस भइरहेको छ। समाज विकासको ऐतिहासिक विकासक्रम केलाउने हो भने आजभन्दा करिब चार हजार वर्ष पुरानो प्राचीन समाज व्यवस्थामा पनि विभिन्न आर्थिक तथा राजनीतिक क्रियाकलाप एवं निकायमा महिलाले नेतृत्वदायी भूमिका निर्वाह गरेको तथ्य त्यसबेला सिर्जित ऐतिहासिक सन्दर्भले प्रस्तुत गरेको देखिन्छ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/194442**

## एक महिनामै भित्रिए १ लाख ५ हजार पर्यटक

फेब्रुअरी २०२६ मा १ लाख ५ हजार ४ सय ४१ पर्यटक नेपाल भित्रिएका छन् । अध्यागमन विभागलाई उद्धृत गर्दै नेपाल पर्यटन बोर्डले सार्वजनिक गरेको तथ्यांक अनुसार यस महिना गत वर्ष सोही अवधिको तुलनामा ११ हजारभन्दा धेरै पर्यटक नेपाल आएका छन् । फेब्रुअरी २०२५ मा ९६ हजार ८ सय ८० पर्यटक नेपाल आएका थिए । गत वर्षको तुलनामा यस वर्ष ८.८ प्रतिशत पर्यटक बढेका हुन् । २०१९ को तुलनामा समेत आगमनमा सुधार भएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1882205/105000-tourists-arrived-in-one-**

स्रोत : **https://www.beemapost.com/2026/03/209228/**

## पर्यटनमा मध्यपूर्व तनावको बाछिटा : अमेरिकी र युरोपेली आगमन प्रभावित हुन सक्ने

गत शनिवारदेखि जारी अमेरिका-इजरायल र इरानबीचको युद्धका कारण अहिले मध्यपूर्वका कतिपय देशको हवाईमार्ग बन्द छ । यो निषेध कति लम्बिन्छ भन्ने पनि टुंगो छैन । युद्धका कारण मध्यपूर्वका केही देशको आकाशमा हवाई उडान निषेध भएसँगै नेपालको प्रमुख स्रोत बजार बन्दै गरेको यूरोप र अमेरिकाबाट हुने पर्यटक आगमन प्रभावित हुने देखिएको छ । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल कार्यालयका अनुसार शनिवारयता दैनिकजसो दुई दर्जनभन्दा बढी अन्तरराष्ट्रिय उडान रद्द हुँदै आएका छन् । बाँकी...

स्रोत : **https://abhiyandaily.com/news/456698/middle-east-tensions-on-tourism--american-**

## भारतले भन्यो-चुनाव सम्पन्न भएकोमा नेपाललाई बधाई

नेपालमा सफलतापूर्वक निर्वाचन सम्पन्न भएकोमा भारतले बधाई दिएको छ । भारतीय विदेश मन्त्रालयले बिहीबार साँझ एक नोट जारी गरी निर्वाचनपछि आउने नयाँ सरकारसँग काम गर्न तयार रहेको बताएको हो । चुनाव गराउन सफल प्रधानमन्त्री सुशीला कार्की र चुनावमा सहभागी हुने मतदातालाई पनि भारतले बधाई दिएको छ । **https://www.onlinekhabar.com/2026/03/1884745/india-says-**

## नेपाली जनता र सरकारलाई बधाई दिँदै मोदीले भने- ऐतिहासिक कोसेढुंगो

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालमा हालै सम्पन्न निर्वाचनको सफलताका लागि नेपाली जनता र सरकारलाई बधाई दिएका छन् । सामाजिक सञ्जाल फेसबुकमार्फत आफ्नो सन्देश जारी गर्दै उनले नेपालको लोकतान्त्रिक यात्रामा यसलाई एउटा 'ऐतिहासिक कोसेढुंगो' को संज्ञा दिएका छन् । प्रधानमन्त्री मोदीले लेखेका छन्, 'नेपालमा सफलतापूर्वक र शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न भएकोमा म त्यहाँका जनता र सरकारलाई हार्दिक बधाई दिन्छु । मेरा नेपाली दिदीबहिनी र दाजुभाइहरूले आफ्नो लोकतान्त्रिक अधिकारको यति जीवन्त प्रयोग गरेको देख्दा निकै खुसी लागेको छ ।' बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1886497/congratulating-the-nepali-people-**

## नेपालको निर्वाचनबारे भारतीय प्रधानमन्त्री मोदीको प्रतिक्रिया

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालमा सफलतापूर्वक र शान्तिपूर्ण रूपमा सम्पन्न भएको निर्वाचनका लागि नेपाल सरकार र नेपाली जनतालाई बधाई दिएका छन् । सामाजिक सञ्जालमार्फत सन्देश जारी गर्दै उनले नेपाली दिदीबहिनी तथा दाजुभाइले उत्साहपूर्वक आफ्नो लोकतान्त्रिक अधिकार प्रयोग गरेको देख्दा खुसी लागेको बताएका छन् । उनले यसलाई नेपालको लोकतान्त्रिक यात्राको महत्वपूर्ण र गौरवपूर्ण क्षणका रूपमा वर्णन गरेका छन् । बाँकी... स्रोत : **https://www.abcnepal.tv/posts/302674**

## भारतलाई तेस्रोपटक टी-२० विश्वकपको उपाधि

भारतले आईसीसी टी-२० विश्वकप २०२६ को उपाधि जितेको छ। आइतबार भएको फाइनलमा न्युजिल्यान्डलाई पराजित गर्दै भारतले लगातार दोस्रोपटक अनि समग्रमा तेस्रोपटक विश्वकपको उपाधि जितेको हो । भारतले सन् २००७ मा पहिलो संस्करणको उपाधि जितेको थियो भने त्यसको १७ वर्षपछि गत संस्करणको २०२४ विश्वकप जितेको थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1887431/india-wins-t20-world-**

## दक्षिण भारतलाई एक फन्को : धनीमानी पनि खाली खुट्टा हिँड्थे, धेरैले शाकाहारी खान्थे

कहिलेकाहीँ यात्राहरू केवल ठाउँ बदल्नका लागि हुँदैनन् । ती यात्राहरू सम्बन्धको गहिराइ महसुस गर्न र जीवनका केही मौन कर्तव्य पूरा गर्नका लागि पनि हुन्छन् । जीवनभर खेत, माटो, गाईभैंसी र मौसमसँगै बाँच्नुभएका मेरा आमाबुबालाई लिएर म त्यस्तै एउटा यात्रामा निस्कँदै थिएँ-समुद्रपारको एउटा टापुतिर, चारधाममध्ये एक धाम, रामेश्वरमतिर । यो केवल तीर्थयात्रा मात्र थिएन । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1887152/a-joke-about-south-india-even-the-**

## जुक्तिले जोगाएको लोकतन्त्र र सुशीलाको सफलता

देशैभर फागुन २१ गते शान्तिपूर्ण रूपमा प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भयो । केहीले पत्यार नगरिरहेकै समयमा प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले तोकिएको समयमै निर्वाचन सम्पन्न गऱ्यो । यसका लागि मूल रूपमा प्रधानमन्त्री कार्की धन्यवादको पात्र छिन् । उनको साथमा दायाँबायाँ उभिएर काँध थाप्ने दुई गृहमन्त्री ओमप्रकाश अर्याल र अर्थमन्त्री रामेश्वर खनाल उत्तिकै प्रशंसाका पात्र छन् । चुनाव गराउने जिम्मा पाएको निर्वाचन आयोग, चुनावमा खटिएका सम्पूर्ण सुरक्षा, निजामती र न्याय सेवाका कर्मचारीको साथ महत्वपूर्ण छ नै । बाँकी...

स्रोत : **https://ehimalayatimes.com/2026/03/427450/**

## जुक्तिले जोगाएको लोकतन्त्र र सुशीलाको सफलता

देशैभर फागुन २१ गते शान्तिपूर्ण रूपमा प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भयो । केहीले पत्यार नगरिरहेकै समयमा प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले तोकिएको समयमै निर्वाचन सम्पन्न गऱ्यो । यसका लागि मूल रूपमा प्रधानमन्त्री कार्की धन्यवादको पात्र छिन् । उनको साथमा दायाँबायाँ उभिएर काँध थाप्ने दुई गृहमन्त्री ओमप्रकाश अर्याल र अर्थमन्त्री रामेश्वर खनाल उत्तिकै प्रशंसाका पात्र छन् । चुनाव गराउने जिम्मा पाएको निर्वाचन आयोग, चुनावमा खटिएका सम्पूर्ण सुरक्षा, निजामती र न्याय सेवाका कर्मचारीको साथ महत्वपूर्ण छ नै । बाँकी...

स्रोत : **https://ehimalayatimes.com/2026/03/427450/**

## सुशीला कार्कीको विजय

मतगणना सकिँदा कुनै पार्टीले विजय पाउला, कुनै पार्टी पछि पर्ला । तर जेनजी विद्रोहपछिको कठिन संक्रमणकाल व्यवस्थापन गर्न प्रधानमन्त्री सुशीला कार्की अब्बल ठहरिएकी छन् । आज बिहीबार देशभरि सफल भएको मतदानको पहिलो जस प्रथम नेपाली महिला प्रधानमन्त्री तथा प्रधान्यायाधीश सुशीला कार्कीलाई जान्छ । यो सफलताको कथा जति सजिलो गरी टुंगिन लागेको देखिन्छ, सुरुवात भने त्यति सजिलो थिएन । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1884371/sushila-karkis-victory**

## वसन्त ऋतुसँगै काठमाडौंको विभिन्न स्थानमा फुल्न थाले चेरी

वसन्त ऋतुसँगै अहिले काठमाडौंको लैनचौर, सिनामंगल र भृकुटीमण्डप क्षेत्रमा चेरी फुल्न थालेका छन् । उपत्यकाको सडक किनारा, पार्कमा चेरी फुल्नाले सहरमा थप सुन्दरता थपिएको छ । पछिल्लो समयमा सहरी सुन्दरताका लागि काठमाडौं महानगरपालिकाले आफ्नो क्षेत्रभित्रका विभिन्न सडक किनारा, पार्कमा चेरी फूल लगाएको थियो । चेरी फुल्न थालेसँगै सर्वसाधारणहरू फूलसँग सेल्फी खिच्ने, तस्बिर लिने समेत गर्न थालेका छन् । बाँकी... स्रोत : **https://www.ratopati.com/story/547813/cherry-blossoms-begin-to-bloom-in-various-parts-of-**

## अस्थायी मतदाता एक लाख ८६ हजार १४२ : निर्वाचनमा खटिने सबै पाँच लाख ५१ हजार ८९० ले मतदान गर्न पाउने

निर्वाचन आयोगले बिहीबार हुने प्रतिनिधिसभा निर्वाचनमा खटिएका, तर अस्थायी मतदाता नामावलीमा सूचीकृत नभएका कर्मचारी, सुरक्षाकर्मीलाई पनि मतदान गर्न पाउने व्यवस्था गर्ने भएको छ। निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार निर्वाचन आयोगका अनुसार निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागको गुप्तचर र निर्वाचन प्रहरी गरी पाँच लाख ५१ हजार ८९० जनशक्ति चुनावमा खटिएको छ। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/189696/2026-03-04**

## नेपालदेखि नासासम्म : लुजेन्द्रको मंगल खोज यात्रा

भूमण्डलीकरणको यो युगमा संसार साँघुरिएको छ र मानिसको यात्रा अब भौगोलिक सीमाभित्र कैद छैन । अवसरको खोजीमा होस् वा ज्ञान र सीपको यात्रामा, नेपालीहरू पनि यही विश्वव्यापी लहरको एउटा अभिन्न अंग बनेका छन् । पृथ्वीका विभिन्न भूभागमा पुगेर उनीहरूले आफ्नो श्रम, बुद्धि र साहस ले नयाँ समाजमा अटल परिचय स्थापित गरेका छन् । तर, जतिसुकै टाढा पुगे पनि, उनीहरूको नाभी अझै पनि मातृभूमिमै गाँसिएको छ- भाषा, संस्कृति र भावनाको अटुट धागोमार्फत् । अनलाइनखबरले सुरु गरेको 'पौरखी प्रवासी' शृङ्खला त्यही गौरवमय यात्राको गाथा हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2025/11/1797977/from-nepal-to-nasa-lujendras-mars-**

## व्यक्तिपूजा कि विचारको राजनीति ?

ज्ञान, विवेक, वाणी र चेतनाको स्मरण केवल औपचारिक कर्मकाण्डमा सीमित हुँदैन । यसको सार आत्मचिन्तन, प्रश्न गर्ने साहस र विवेकको जागरणमा निहित हुन्छ । ज्ञान रटानमा होइन, चेतनामा बस्छ । प्रश्न गर्न नसक्ने ज्ञान निष्क्रिय बन्छ र विवेकविहीन अध्ययन केवल प्रमाणपत्रमा सीमित रहन्छ । हामीले आफ्नै शिक्षामाथि प्रश्न गर्नुपर्छ- यसले हामीलाई के बनाइरहेको छ? आज्ञाकारी भीड कि सचेत नागरिक? ज्ञान भनेको केवल अङ्क र डिग्री होइन; ज्ञान भनेको अन्याय देख्दा बोल्ने साहस, असत्यसँग असहमति जनाउने हिम्मत र सही-गलत छुट्याउने विवेक हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1881560/personality-worship-or-politics-of-**

## होच्याइने 'म्यादी' बाट गर्विलो 'निर्वाचन प्रहरी'

कुसम थापाका लागि निर्वाचन सुरक्षामा खटिएको अनुभव जिम्मेवारी मात्र होइन, आत्मसम्मानसँग जोडिएको कथा पनि हो । अघिल्लो निर्वाचनमा म्यादी प्रहरीका रूपमा खटिँदा कतिपयले 'म्यादी' भन्दै गिज्याउने र होच्याउने व्यवहार गरेको उनी सम्झन्छन्। तर यसपटक निर्वाचन प्रहरीका रूपमा मतदान केन्द्रमा उभिँदा भने उनले फरक अनुभूति गरे, 'न त गिज्याउने शब्द सुन्नुपर्यो, न त आफूलाई होच्याइएको महसुस भयो, बरु जिम्मेवारीप्रति गर्व नै बढेको छ ।' बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/social-affairs/from-the-humble-myadi-to-**

## सम्पादकीय : निर्वाचनपछिको मार्गचित्र

बिहीबार सम्पन्न प्रतिनिधिसभाको निर्वाचनसँगै भदौको जेन-जी आन्दोलनपछिको राजनीतिक र संवैधानिक कोर्सले आफ्नो यात्रा पूरा गरेको छ। तुलनात्मक रूपमा शान्तिपूर्ण मतदानमार्फत नागरिकले आफ्नो आकांक्षा प्रकट गरेका छन्, त्यसको ठोस रूप भने मतगणनासँगै सार्वजनिक हुँदै जानेछ। यद्यपि, यो निर्वाचनले मुलुकलाई सुरक्षित ठाउँमा पुऱ्याउने र नागरिकका आकांक्षा पूरा गर्न निर्वाचनपछिको राजनीतिक कोर्स सफल हुनेछ भनेर आशा गर्न सकिन्छ। अब मतदाताबाट अभिव्यक्त मतको प्रवृत्ति र त्यसले तय गर्ने राजनीतिक शक्ति सन्तुलनलाई स्वीकार गर्दै राज्यको आगामी कार्यभारप्रति सबै इमानदार हुनुपर्छ। बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/03/06/editorial-post-election-**

## बालेन वेग

२३ र २४ भदौको जेन-जी विद्रोहपछि बालेन्द्र शाहलाई प्रधानमन्त्री बन्ने अवसर आएको थियो। तर, चुनावी सरकारमा प्रधानमन्त्री बन्न उनी अघि सरेनन्। बरु पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्रीमा 'अनुमोदन' गरे। बालेन्द्र त्यसबेला देशको नेतृत्व गर्न अघि नसर्नुको खास कारण जे भए पनि निकटस्थहरूले छोटो समयका लागि नभई पाँचै वर्षलाई देशको नेतृत्व गर्ने गरी उनी आउने स्पष्टीकरण दिएका थिए। झापा- ५ बाट पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीलाई फराकिलो अन्तरले पराजित गरेपछि चाहिँ उनी प्रधानमन्त्री बन्ने लगभग निश्चित देखिएको छ। बाँकी...
स्रोत : **https://ekantipur.com/news/2026/03/08/balen-speed-20-40.html**

## बालेन्द्रलाई ओलीको बधाई : कार्यकाल निर्विघ्न सफल रहोस्

एमाले अध्यक्ष केपी शर्मा ओलीले रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहलाई जितको शुभकामना र बधाई दिएका छन् । झापा-५ को अन्तिम मतपरिणाम आएपछि शनिबार साँझ सामाजिक सञ्जालमार्फत उनले बधाई तथा शुभकामना दिएका हुन् । झापा-५ मा बालेन्द्रले ओलीलाई पराजित गरेका छन् । बाँकी...
स्रोत : **https://ekantipur.com/news/2026/03/07/oli-congratulates-balendra-11-19.html**

## मैनबत्ती बालेर जेन-जी सहिदको सम्झना

जेन-जी आन्दोलनले ६ महिना पूरा गरेको सन्दर्भमा संसद् भवन नयाँ बानेश्वर अगाडि मैनबत्ती बालेर सहिदहरूको स्मरण गरिएको छ । शनिबार साँझ भएको कार्यक्रममा गृहमन्त्री ओमप्रकाश अर्याल, सहिद परिवारका सदस्य तथा सर्वसाधारण सहभागी थिए । भदौ २३-२४ भएको आन्दोलनमा आन्दोलनमा सहभागी र प्रदर्शनकारी गरी ७६ जनाले ज्यान गुमाएका थिए । बाँकी...
स्रोत : **https://ekantipur.com/photo_feature/2026/03/07/candlelight-vigil-commemorates-**

## सडकको आवाज अब संसदमा

सडकका बेथिति र भ्रष्टाचारविरुद्ध मोबाइल क्यामेरा तेर्स्याएर भाइरल भएकी सामाजिक अभियन्ता आशिका तामाङ ३९ हजार १२८ मतसहित धादिङ-१ बाट सङ्घीय संसद्मा पुगेकी छन्। जेनजी आन्दोलनमा घाइतेहरूको मलमपट्टी गर्दै, परम्परागत राजनीतिको अभेद्य किल्ला भत्काउँदै जनमतको सानदार अनुमोदन प्राप्त गरेकी हुन्। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1887013/the-voice-of-the-street-is-**

## आधा रेमिट्यान्स खाडीबाटै आउँछ, युद्ध लम्बिए बन्द हुने जोखिम

हाल युद्धग्रस्त खाडी मुलुकबाट मात्रै नेपालमा आधा रेमिट्यान्स आउने गरेको देखिएको छ। नेपाल भित्रिने कुल रेमिट्यान्समध्ये करिब ४० देखि ४१ प्रतिशत हिस्सा मध्यपूर्वी क्षेत्रबाट आउने गरेको नेपाल राष्ट्र बैंक प्रवक्ता गुरुप्रसाद पौडेल बताउँछन्। राष्ट्र बैंकका अनुसार नेपालमा मासिक २ खर्ब हाराहारी रेमिट्यान्स भित्रिने गरेको छ। चालु आर्थिक वर्ष पुसमा मात्रै नेपाल भित्रिएको कुल रेमिट्यान्स १ खर्ब ९२ अर्ब ६२ करोड बराबर छ। उक्त अवधिसम्म कुल रेमिट्यान्स आप्रवाह १० खर्ब ६२ अर्ब ९३ करोड रुपैयाँ छ। त्यसमध्ये ४० प्रतिशत हिस्सा मध्यपूर्वी देशहरूको रहेको राष्ट्र बैंकको तथ्यांक छ। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1883144/half-of-remittances-come-from-the-**

## कविता : निष्ठाको सौन्दर्य

उनीहरूले उनको
सारीको फेरो नमिलेको कुरा काटे
उनको चोलोको घेरो नमिलेको कुरा काटे
कहिले 'बसे उठ्न सक्दिनन्' भने
कहिले 'उकालो-ओरालो गर्न सक्दिनन्' भने।
उनलाई हेर्दा
उनको आत्मविश्वासलाई भन्दा बढी
बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1886948/poetry-the-beauty-of-loyalty**

## स्वस्तिक छापको सत्ता

पड्काउनु पर्दैन कसैको कन्चटमा बन्दुक
कुल्चिनु पर्दैन आफ्नै सन्ततिको लास
रानी उडाउनु पर्दैन न्यायको मन्दिर
बेर्नु पर्दैन शिरमा रातो कफन
बाँध्नु पर्दैन पाखुरामा कालो पट्टी
बोक्नु पर्दैन सडकमा ब्यानर
बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1881380/the-power-of-the-swastika-seal**

## सम्झनामा सहयात्री तुलसीरमण काफ्ले

मैले २०२१/२२ सालतिरबाटै विद्यार्थी आन्दोलनमार्फत राजनीतिमा पाइला टेकेको थिएँ । नेपाल विद्यार्थी सङ्घको स्थापनाकालदेखि नै मेरो सक्रियता रह्यो । २०१७ सालपछि लागू भएको पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलन, सङ्गठन विस्तार र प्रजातन्त्रको जागरण अभियान चलेको थियो । प्रजातन्त्र प्राप्तिको हुटहुटीले हामीलाई गाउँ-गाउँ पुऱ्याउँथ्यो । सङ्गठन विस्तार र नागरिक जागरणको त्यही कठिन यात्राका क्रममा मेरो भेट एक यस्तो व्यक्तित्वसँग भयो, जसको सादगी र निष्ठाले मलाई जीवनभर प्रभावित तुल्याइरह्यो । तिनै नेता थिए- तुलसीरमण काफ्ले । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/02/1872407/in-memory-of-**

## राष्ट्रिय भावको जोस जाँगर

गायक रुजन शिवाकोटीले जोस जाँगरका साथ नेपाल बनाउनका लागि सही मान्छे छान्नु पर्नेमा जोड दिंदै अमेरिकाबाट जोस जाँगर बोलको गीत सार्वजनिक गरेका छन् । रुजनले गीत आफ्नै युट्युब च्यानलबाट सार्वजनिक गरेका हुन् । डिपी खनालको शब्द रचना रहेको गीतमा देवेन्द्र बरालको संगीत रहेको छ । गीतमा रुजनले भाषण गर्ने मात्र नभई काम गर्ने हात चाहिनेमा जोड दिएका छन् । नेपालीको शक्ति दुनिया लाई देखाउनु पर्ने तथा फुटेर नहुने कामर जुटेर गर्नुपर्ने भावमा उनले गीत गाएका छन् । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/03/05/757044/**

## आगामी जनप्रतिनिधि र सरकारलाई यस्ता छन् प्रधानमन्त्री कार्कीका सुझाव

प्रतिनिधिसभा सदस्या निर्वाचन सम्पन्न भएको छ । केही स्थानमा आजैबाट मतगणना सुरु हुने बताइएको छ । प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचन सम्पन्न भएको सबैलाई धन्यवाद दिएकी छन् । असहज अवस्थामा पनि शान्तिपूर्ण तरिकाले निर्वाचन सम्पन्न गराउन सहयोग गर्ने सबैलाई कार्कीले धन्यवाद दिएकी हुन् । नर्वाचन सम्पन्न भएपछि कार्कीले दिएको अन्तरवार्ताको केही अंश प्रस्तुत छ : निकै असहज परिस्थितिमा प्रधानमन्त्रीको जिम्मेवारीमा आउनुभएको थियो। आज निर्वाचन गराउन सफल हुनुभयो । कस्तो लागेको छ ? बाँकी... स्रोत : **https://www.nepalpress.com/2026/03/05/699850/prime-minister-karkis-suggestions-to-the-upcoming-peoples**

## अदम्य साहसको सफलता

पहिलो पटक पहिलो महिला प्रधानमन्त्रीले गराउन लागेको चुनाव । हत्या, हिंसा, आगजनी, आक्रमण, लुटपाट र विध्वंसपछि मुलुकमा चुनाव गराउन लागिएको परिस्थिति । जेन्जी आन्दोलनपछि धेरै कैदीबन्दी कारागारबाट भागेका थिए र प्रहरीका हातहतियार पनि लुटिएर बाहिरिएकाले त्राहीमामको अवस्था । प्रधानमन्त्री सुशीला कार्कीले चुनाव गराउन सक्नुहोला र ? अब पनि चुनाव होला र भन्नेहरू प्रशस्तै थिए । चुनावको मिति सर्ने आकलन पनि धेरै थियो । शीतकालीन मौसमका कारण केही हिमाली जिल्लामा दोस्रो चरणमा गराउन छलफल, सल्लाह चल्दै थियो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/195479**

## विश्व आधिपत्यको खेल

अन्तर्राष्ट्रिय राजनीतिको मञ्चमा संयुक्त राज्य अमेरिकाको उपस्थिति र प्रभाव सघन छ । विश्वको कुनै पनि कुनामा हुने राजनीतिक वा आर्थिक उथलपुथलमा वासिङ्टनको चासो जोडिएको हुन्छ । एउटा राष्ट्र कसरी सम्पूर्ण विश्वको अर्थतन्त्र, सुरक्षा संयन्त्र र कूटनीतिको केन्द्रविन्दु बन्न पुग्यो भन्ने विषय आफैँमा गहन छ । अन्तर्राष्ट्रिय राजनीतिमा एउटा यथार्थ छ- शक्ति केवल हतियारमा मात्र सीमित हुँदैन, यो त अर्थतन्त्र, प्रविधि र विश्वव्यापी भाष्य निर्माणको क्षमतामा पनि निर्भर हुन्छ । अमेरिकी प्रभाव केवल उसका लडाकु विमान र क्षेप्यास्त्रमा मात्र अडेको छैन; यो त विश्वको वित्तीय प्रणाली, डलरको एकाधिकार र जटिल भूराजनीतिक रणनीतिको जगमा ठडिएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/195476**

## श्रम संस्कृति पार्टीले पनि खोल्यो खाता, खोटाङमा आरेन राई विजयी

खोटाङमा श्रम संस्कृति पार्टीका आरेन राई विजयी भएसँगै यो पार्टीले प्रतिनिधिसभा सदस्य निर्वाचनमा खाता खोलेको हो । श्रम संस्कृति पार्टीले प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ मा खाता खोलेको छ । खोटाङमा श्रम संस्कृति पार्टीका आरेन राई विजयी भएसँगै यो पार्टीले प्रतिनिधिसभा सदस्य निर्वाचनमा खाता खोलेको हो । १६ हजार ६१२ मत ल्याएर राई विजयी भएका हुन् । नेकपा एमालेका देवबिक्रम राईले १२ हजार ७१४ मत ल्याएका छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1886988/shram-sanskriti-party-**

## श्रमिक महिला दिवसको उपलब्धि र आगामी पाइला

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस महिलाहरूको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक उपलब्धिहरू मनाउने विश्वव्यापी दिन हो । यस दिवसले लैङ्गिक समानताको विचार र व्यवहारलाई गति दिने कार्यमा जोड दिन्छ । महिला दिवस महिला जागरणको दिवस पनि हो । प्रत्येक वर्ष ८ मार्चका दिन विश्वव्यापी रूपमा मनाइने श्रमिक महिला दिवसले लैङ्गिक समानता, महिला अधिकार, महिला सशक्तीकरणको जागरणलाई बढवा दिने गर्छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/549182/achievements-and-next-steps-of-working-**

## असीम बधाई सुशीला कार्कीलाई

स्तरीय न्याय सम्पादनको कार्यक्षमता, न्यायिक निष्पक्षता, विद्वत्ता र निडर फैसलाका आधारमा एक दशकअघि सर्वोच्च अदालतमा न्यायाधीश पदका लागि छानिएकी थिइन्, सुशीला कार्की । उनी २०७३ सालमा पहिलो महिला प्रधानन्यायाधीश बनेकी थिइन् । त्यसभन्दा अघि विराटनगरमा रही काम गरिरहेकी उनी प्रधानन्यायाधीश भएपछि एकाएक चर्चामा आइन्, जब उनीमाथि २०७४ वैशाखमा संसद्मा महाभियोग दर्ता गरियो् । उनी प्रथम महिला प्रधानन्यायाधीश त भइन् नै, यति मात्र होइन, प्रथम महिला प्रधानमन्त्री पनि भएर नेपालमा नयाँ इतिहास रच्न सफल भइन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1886943/huge-congratulations-to-sushila-**

## पूरै दस्तावेज सम्भव नभए निचोड भए पनि सार्वजनिक गर्छौं- प्रधानमन्त्री

प्रधानमन्त्री सुशीला कार्कीले गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका विषयमा जाँचबुझ गर्न बनेको आयोगको पूरै प्रतिवेदन तत्काल सार्वजनिक गर्न नसकिए पनि निचोड भने सार्वजनिक गर्ने बताएकी छन् । आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आयोगले बुझाएको प्रतिवेदन ग्रहण गर्दै प्रधानमन्त्री कार्कीले आफू र गृहमन्त्रीले अध्ययन गरी मन्त्रिपरिषद्मा पेस गर्ने बताइन् । 'दूधको दूध पानीको पानी छुट्याएर प्रतिवेदन दिनुभएको छ भन्ने मलाई पूरा विश्वास छ । बाँकी...

स्रोत : **https://www.lokaantar.com/story/313940/2026/3/8/governance/pm-sushila-karki-**

## हर्क साम्पाङ : धरानको सडक आन्दोलनदेखि संघीय संसद्सम्म

२१ फागुनको निर्वाचनअघि श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईले सधैं आफू प्रधानमन्त्री बन्ने दोहोर्‍याइरहन्थे । आफ्नो पार्टीले सिंगै देशको समर्थन पाउने भन्दै उनले देशकै नेतृत्व गर्ने बताउँथे । काठमाडौंका पूर्वमेयर बालेन्द्र शाहलाई समेत झापा-५ मा आफ्नो उम्मेदवार समिर तामाङले हराउने बताउँथे । मतपरिणाम आउँदा उनीसँग प्रधानमन्त्री बन्न पुग्ने अंक त देखिएन, तर उनले संसद्मा चाहिँ प्रतिनिधित्व गर्ने भएका छन् । आइतबार दिउँसो आएको मतपरिणामअनुसार साम्पाङ ३५ हजार ७४१ मतसहित विजयी भएका छन् । बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/03/08/177295886953597864.html**

## छ महिनामा रु. सात अर्ब १९ करोडको अलैची निर्यात

पूर्वीनाका काँकडभिट्टाबाट चालू आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक अवधिमा अलैची, छुर्पी लगायतका वस्तुहरुको निर्यात उत्साहजनक रुपमा वृद्धि भएको छ । साउनदेखि पुस मसान्तसम्मको छ महिनामा रु. सात अर्ब १९ करोड ९५ लाख चार हजार मूल्य बराबरको ३४ लाख ६१ हजार ३५० केजी अलैची निर्यात भएको मेची भन्सार कार्यालयले जनाएको छ । गत आव २०८१/८२ को सोही अवधिको तुलनामा चालू आवमा अलैचीको निर्यात ५८ प्रतिशतले वृद्धि भएको कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईले बताउनुभयो । गत आवको साउनदेखि पुससम्ममा रु. चार अर्ब ५५ करोड ७० लाख ६९ हजार मूल्य बराबरको अलैची पूर्वीनाकाबाट निर्यात भएको थियो । बाँकी...

स्रोत : **https://loktantrapost.com/news/16557**

## अर्काइभ महाकाली सन्धिबारे एमालेको त्यो धारणा...

२०५३ मा राप्रपाको समर्थनमा बनेको प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको संयुक्त सरकार थियो । महाकाली नदीको एकीकृत विकास सन्धि (जसलाई महाकाली सन्धि भनिने गरेको छ) पारित गर्ने/नगर्ने विषयले प्रमुख प्रतिपक्षी दल एमालेभित्र भने निकै ठूलो हलचल ल्याएको थियो । उक्त सन्धिको विषयमा एमालेमा आन्तरिक शक्ति संघर्ष बढाएको थियो भने पार्टीमा नयाँ समीकरणको अवस्था सिर्जना गराएको थियो । बाँकी... स्रोत : **https://ekantipur.com/Kantipur-Archive/2026/03/03/archive-umls-view-on-the-mahakali-treaty-13-55.html**

## निर्वाचित भइसकेपछि शाहीले भने-अब म जिल्ला बासीको साझा प्रतिनिधि हुँ

राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता तथा जुम्लाबाट प्रतिनिधि सभामा निर्वाचित सांसद ज्ञानबहादुर शाहीले अब आफू जिल्लाबासीको साझा नेता भएको बताएका छन् । निर्वाचनको परिणापछि मतदाता र सहयोगीहरुप्रति आभार व्यक्त गर्दै उनले मतदानसम्म आ-आफ्नो एजेन्डा लिएर चुनावी मैदानमा भए पनि जितपछि आफू सम्पूर्ण जिल्लाबासीको साझा प्रतिनिधि भएको बताएका हुन् । बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/03/08/after-being-elected-shahi-said-now-i-am-**

## धन्यवाद, 'म्याडम प्राइममिनिस्टर !'

यो धन्यवाद केवल सम्माननीय शुशिला कार्कीलाई मात्र होइन । संकटको समयमा देशलाई स्थिर राख्दै लोकतन्त्रलाई निर्वाचनसम्म पुर्‍याउने नेतृत्वका लागि हो । अन्तर्राष्ट्रिय महिला दिवस नजिकिँदै गर्दा नेपालले लोकतन्त्रको एउटा गहिरो क्षण पार गरेको छ । यसपटकको प्रतिनिधिसभा निर्वाचन केवल अर्को चुनाव मात्र थिएन, संकट, असन्तोष र राजनीतिक संक्रमणबाट लोकतन्त्रलाई पुन : जनताको हातमा फर्काउने राष्ट्रिय प्रयास थियो । यस ऐतिहासिक क्षणको केन्द्रमा एउटा असामान्य तर प्रेरणादायी तथ्य थियो– देशको नेतृत्व एक महिलाले सम्हालिरहेकी थिइन् । बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/03/09/thank-you-madam-prime-minister-53-**

## बिर्सिएका विन्टर ओलिम्पिकका स्वर्ण विजेता तेजवीर बुढा

हिमालयको त्यो विशाल काख, जहाँ हावा पनि ठोक्किएर फर्कन्छ र हिउँका कणहरूले इतिहासमा नलेखिएका रहस्यहरू फुसफुसाउँछन्, त्यहीँ एउटा यस्तो नाम छ जुन आज पनि पहाडका कन्दराहरूमा प्रतिध्वनित भइरहेको छ । त्यो ओजिलो नाम हो तेजवीर बुढा । यो केवल एउटा नाम मात्र होइन, यो त एउटा बिर्सिएको गौरवको जीवन्त दस्तावेज हो । एउटा यस्तो नेपालीको कथा जसले शीतकालीन ओलम्पिकमा पहिलो पटक नेपालको झन्डा गाडेको थियो । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/03/08/757818/**

## निर्वाचन र मत परिणामपछि कलाकारको अभिमत

आज एउटी नारीले गरेको प्रतिबद्धताको जितले सम्पूर्ण नारीशक्तिले गौरवान्वित महसुस गरेका छन् । यस ऐतिहासिक कार्यका लागि प्रधानमन्त्री सुशीला कार्कीज्यू, हजुरलाई हार्दिक नमन । सुरुका दिनदेखि अन्तिम क्षणसम्म साथ दिने गृहमन्त्री र अर्थ मन्त्रीज्यू, अहोरात्र सेवारत रहने सुरक्षा निकायहरू, आफ्नो कार्यमा निपुण निर्वाचन आयोग र सञ्चार निकायको यो साथ र सहयोगले नै नेपाल र नेपालीलाई भोलिका सुनौला दिनका लागि आशावादी बनाएको छ । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/03/08/757754/**

## राज्यका नीतिनिर्माण तहमा महिलालाई समावेश गर्न आवश्यक छ : प्रधानमन्त्री

प्रधानमन्त्री सुशीला कार्कीले राज्यका नीतिनिर्माण तहमा महिलालाई ल्याउन आवश्यक भएको बताउनुभएको छ । एक सय सोह्रौँ अन्तरराष्ट्रिय महिला दिवसका अवसरमा आज प्रधानमन्त्री कार्यालयमा आयोजित कार्यक्रमा उहाँले समाजमा पछि परेका, विकासको मूलधारबाट वञ्चित महिला बढी प्रताडित हुनुपरेको बताउनुभयो । प्रधानमन्त्रीले भन्नुभयो, "विशेषगरी दलित महिला, कर्णालीका महिला, मधेसका महिला तथा सीमान्तकृत समुदायका महिलाको आवाज राज्यका नीतिनिर्माण तहसम्म पुर्‍याउन अपरिहार्य भएको छ ।" बाँकी... स्रोत : **https://www.newsabhiyan.com.np/news-details.php?nid=398831**

## निर्वाचनपछि नयाँ तरंग !

मतदान गर्न पुग्दा काँधमा तीनवटा मुख्य जिम्मेवारी थिए । पहिलो,संसदीय व्यवस्थाका लागि मतदान । दोस्रो,बारको तर्फबाट निर्वाचन पर्यवेक्षण । तेस्रो, पुरानो घरको दराज हेर्नु पनि थियो । यी सबै जिम्मेवारी पूरा गरेर काठमाडौं फर्किएँ । मतदान सबैभन्दा ठूलो कर्तव्य हो । साथीभाइका वास्तविक धारणा बुझ्ने प्रयास गरें। जो विभिन्न दलमा आबद्ध छन् । तर पनि राजनीतिबाट कुनै व्यक्तिगत लाभ लिएका छैनन् । बरु उनीहरूले राजनीतिलाई धेरै कुरा दिएका छन् । त्यहाँ पुरानो कांग्रेसी साथीलाई भेटें । उनले बाहिर त खुलेरै मीनालाई भोट भने । बाँकी...

स्रोत : **https://annapurnapost.com/story/495646/?fbclid=IwY2xjawQbK7RleHRuA2Fl**

## संसदमा युवा वर्चस्व : आस कि संशय !

प्रतिनिधिसभा निर्वाचन २०८२ अन्तर्गत आइतबार साँझसम्म सार्वजनिक १ सय ५९ निर्वाचन क्षेत्रको मतपरिणामले संघीय संसद्को उमेर संरचनामा उल्लेखनीय परिवर्तन देखाएको छ । सार्वजनिक नतिजाअनुसार प्रतिनिधिसभामा युवा पुस्ताको उपस्थिति उल्लेख्य रूपमा बढेको छ। राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा नीति, २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समूहलाई 'युवा' मानिन्छ । नेपालको कुल जनसंख्यामध्ये १६ देखि ४० वर्ष उमेर समूहको हिस्सा करिब ४०.३५ प्रतिशत रहेको छ । बाँकी... स्रोत : **https://ekantipur.com/politics/2026/03/09/dominance-of-youth-in-the-parliament-doubt-of-hope-53-49.html**

## रास्वपा लहरको नतिजा : प्रत्यक्षबाटै साढे ८ प्रतिशत महिला सांसद चुनिए

दलहरुलाई संसदमा संविधानले तोकेको ३३ प्रतिशत महिला प्रतिनिधित्व गराउन कठिन पर्दै आएको छ । अझ प्रत्यक्षमा त दलहरुले उम्मेदवार उठाए पनि कमै महिलाले चुनाव जित्ने गर्थे । तर, यो अवस्थालाई यसपालि राष्ट्रिय स्वतन्त्र पार्टीको लहरले बदलिदिएको छ । यस पटक प्रत्यक्षतर्फका १६५ सांसदमध्ये १४ जना अर्थात् ८.४८ प्रतिशत महिला सांसदमा पुग्ने पक्का भएको छ । रास्वपाबाट १६ जना महिला उम्मेदवार थिए । जसमध्ये १३ जना निर्वाचित भएका छन् । एक जना कांग्रेसबाट चुनिएकी हुन् । २०७९ को निर्वाचनमा ५.४५ प्रतिशत महिला निर्वाचित भएका थिए । बाँकी...

स्रोत : **https://nepalkhabar.com/politics/267962-2026-3-8-20-41-46**

## नारी दिवसको उपलक्ष्यमा नारी समर्पित चलचित्र 'परालको आगो' को दोस्रो पोस्टर सार्वजनिक

'परालको आगो' फिल्मको दोस्रो पोस्टर सार्वजनिक गरिएको छ । नारी दिवसको अवसर पारेर सार्वजनिक गरिएको उक्त पोस्टर सम्पूर्ण नारीलाई समर्पित गरिएको निर्माण टिमले जनाएको छ । साथै फिल्मको टिजर चाँडै सार्वजनिक हुने जानकारी पनि दिइएको छ। अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा सार्वजनिक गरिएको पोस्टरले फिल्मप्रति दर्शकमा थप उत्सुकता बढाएको छ । सुनौलो घामले छोएको खेतबारीको बीचमा डोकोमा अडेस लगाएर बसेकी सुहाना थापा को भावपूर्ण मुद्राले पोस्टर अझ जीवन्त बनाएको छ । बाँकी... स्रोत : **https://nagariknews.nagariknetwork.com/arts/second-poster-of-the-film-paralak-ago**

## इतिहासमा आज

सन् १९४२ : जापानी सेनाद्वारा बर्माको रंगुन कब्जा। थाइल्यान्डबाट बर्मा प्रवेश गर्दै जापानी सेनाले रंगुन कब्जा गरेपछि बर्मासँगको सडक विच्छेद गरिदिनुका साथै चिनियाँहरूलाई उनीहरूको एक मात्र सुविधाजनक आपूर्ति आधार र प्रवेशको बन्दरगाहमा अवरोध सिर्जना गरे। बाँकी...
स्रोत : **https://www.nayapatrikadaily.com/news-details/190205/2026-03-08**

## नेपाली महिलाको संघर्ष, साहस र सपनाको कथा

देश यतिबेला चुनावी सरगर्मीले तातेको छ। चुनावी माहोलले देशको राजनीतिक तापक्रम उच्च हुँदै गर्दा उम्मेदवारी घोषणा, सभा, सम्मेलन र राजनीतिक तछाडमछाडको भिड सकेर अर्को महत्त्वपूर्ण दिन चुपचाप आइपुगेको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/194649**

## महिला सम्मानको बाटो

आज अन्तर्राष्ट्रिय नारी दिवस । नेपालमा यो दिवसलाई महिलाका अधिकार, समानता र सशक्तीकरणका विषय उठाउने महत्वपूर्ण अवसरका रूपमा लिइन्छ । समाज असल संस्कृति र सभ्यता निर्माणको जग हो । कुनै पनि व्यक्तिको आनीबानी, सोचविचार, चिन्तन, कार्यसंस्कृति कस्तो हुन्छ भन्ने कुरा ऊ बस्ने समाजले निर्धारण गर्छ अर्थात् समाज खराब अनि व्यक्ति असल वा समाज असल व्यक्ति खराब बन्न सक्दैन । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/195474**

## प्रेरक प्रसंग : पत्थरको सहनशीलता

एक मन्दिरमा स्थापित प्रस्तर मूर्तिमा चढाइएको एक फूलले आक्रोशित हुँदै पुजारीसित भन्यो– पुजारी महोदय, तपाईं जहिल्यै यस प्रस्तर मूर्तिमा मलाई चढाएर यसको पूजा गर्नुहुन्छ। यस्तो पारा मलाई कत्ति पनि मन पर्दैन। पूजा नै गर्ने हो भने त मेरो पो हुनुपर्ने हो त! किनकि, म कोमल, सुन्दर र सुवासित छु। तपाईं जसको पूजा गरिरहनुभएको छ, त्यो त मात्र एउटा पत्थर हो, पत्थर! बाँकी...
स्रोत : **https://www.nayapatrikadaily.com/news-details/189670/2026-03-04**